REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs. 29.04.2026

निर्मला सीतारमणको भ्रमण अर्को सूचना नभएसम्मका लागि स्थगित

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणको तीन दिने सिक्किम भ्रमण, अर्को सूचना प्राप्त नभएसम्मका लागि स्थगित गरिएको छ। भ्रमण १ मई देखि आधिकारिक कार्यक्रम र विकास समीक्षाका साथ शुरू हुन निर्धारित थियो।

प्रधानमन्त्री नरेन्द्र मोदीले हालैको ५० औं राज्य स्थापना समारोहमा उपस्थित पछि, राज्य पहलहरूमा श्रीमती सीतारमणको सहभागिताको आशा गरिएको बेलामा यो घोषणा गरिएको हो। अधिराकीहरूले नयाँ तिथिको पुष्टि गरेपछि, पुनः यस सम्बन्दी जानकारी साझा गरिनेछ।

प्रधानमन्त्रीको "सिक्किमको भ्रमण गर्ने" आह्वानलाई स्वागत गरिएको छ

सिकिमभरका पर्यटन सरोकारवालाहरूले प्रधानमन्त्री नरेन्द्र मोदीको "Visit Sikkim" अर्थात् "सिक्किमको भ्रमण गर्ने" आह्वानको स्वागत गरेका छन्। उनीहरुले यसलाई राष्ट्रिय र विश्वव्यापी रूपमा राज्यको पर्यटन रुपरेखालाई उल्लेखनीय रूपमा उचाल्ने ऐतिहासिक क्षणको रूपमा वर्णन गरेका छन्। सिक्किम पर्यटन विकास निगम (एसटीडीसी) का अध्यक्ष लुकेन्द्र रसाइलीले भने कि प्रधानमन्त्रीको हालैको भ्रमणको क्रममा गरिएको टिप्पणीले सिक्किमलाई अभूतपूर्व दृश्यता प्रदान गरेको छ। "जब देशका प्रधानमन्त्रीले व्यक्तिगत रूपमा नागरिकहरूलाई सिक्किम भ्रमण गर्न अपील गर्छन्, यो एक शक्तिशाली समर्थन बन्छ । यसले भारत र विदेशका पर्यटकहरूलाई राज्यको घुमफिर गर्न प्रेरित गर्नेछ," श्री रसाइलीले भने।

श्री मोदीले समृद्ध जैविक विविधता, जैविक खेती अभ्यास, कृषि, सरसफाई र बलियो वातावरणीय नीति जस्ता सिक्किमका मूल शक्तिहरूबारे बोल्नु भएकोमा उनले थप कृतज्ञता व्यक्त गरे।

## NCERT पाठ्यपुस्तकहरूमा ढिलाई

शिक्षा विभाग, सिक्किम सरकार, शैक्षिक सत्र २०२६ को लागि कक्षा IX NCERT पाठ्यपुस्तकहरूको उपलब्धतामा ढिलाइको बारेमा विद्यार्थी, अभिभावक र स्कूल अधिकारीहरू सहित सबै सरोकारवालाहरूलाई जानकारी गराउन चाहन्छ।

राष्ट्रिय शिक्षा नीति (NEP) २०२० र राष्ट्रिय पाठ्यक्रम रूपरेखा (NCP) २०२३ अनुसार, NCERT ले स्कूल पाठ्यपुक्तकहरूको चरणबद्ध संशोधन गरेको छ। कक्षा सात सम्मका संशोधित पाठ्यपुस्तकहरू  पहिले नै प्रकाशित भइसकेका छन्  र हाल सबै सरकारी विद्यालयहरूमा प्रयोगमा छन्।

चालू शैक्षिक वर्षको लागि, कक्षा नौ पाठ्यपुस्तकहरूमा संशोधन भइरहेको छ। यद्यपि, हालसम्म, आधिकारिक NCERT वेबसाइटमा सामाजिक विज्ञान  बाहेक, केवल ई- पुस्तक संस्करणहरू उपलब्ध गराइएको छ।  यी संशोधित पाठ्यपुस्तकहरूको मुद्रित संस्करणहरू  मई २०२६ को मध्यसम्ममा कोलकाताका NCERT स्टोरहरूमा उपलब्ध हुने अपेक्षा गरिएको छ।

## TRIBENY RAI

नेपाली फिल्म निर्माता त्रिबेणी राईको पहिलो फिचर फिल्म शेप अफ मोमोस-ले Los Angeles मा आयोजित एघारौँ इन्डी मीम अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा उत्कृष्ट कथा फिल्मका लागि जूरी अवार्ड र दर्शक छनौट अवार्ड दुवै जितेको छ। फिल्म महोत्सव २२ र २६ अप्रैलमा आयोजना भएको थियो।

प्रधानमन्त्रीले हिजो लामो समयदेखि  थातीमा रहेका कुनै पनि मुद्दालाई सम्बोधन गर्नुभएन।

पाल्जोर स्टेडियममा बोल्दा प्रधानमन्त्री मोदीले सिक्किमका धेरै लामो समयदेखि थातीमा रहेका राजनीतिक मागहरूलाई  सम्बोधन गर्नुहुनेछ भन्ने सिक्किमका जनताले अनुमान गरेका थिए। तीमध्ये केही, सिक्किम विधान सभामा लिम्बू- तामाङ सिट आरक्षण, सिक्किमका १२ छुटेका समुदायलाई जनजाति दर्जा प्रदान गरिनु आदि हुन्।

यद्यपि, प्रधानमन्त्री मोदीले आफ्नो भाषणमा यसबारे कुनै उल्लेख गर्नुभएन। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले यस सन्दर्भमा स्पष्ट पार्दै भन्नु भएकोछ, प्रधानमन्त्री हाम्रो पाहुना भएको हुनाले सिक्किम सरकारले उहाँ सँग कुनै पनि राजनीतिक मुद्दा उठाएन। राज्य सरकार निश्चित रूपमा दिल्ली जानेछ र ज्ञापनपत्र बुझाउनेछ, श्री तामांगले भन्नुभयो।

एएफसी यू-१७ महिला महिला

एशियाली फुटबल कन्फेडेरेसन Under-17 महिला एशियाली कप 2026 को लागि 23 सदस्यीय भारतीय टोलीको एक भागको रूपमा सिक्किमकी अभिस्ता बस्नेत र डा. यशना क्षेत्री चीनको Suzhou (सुझाउ) पुगेका छन् । टीम इन्डियाले 2, 5 र 8 May मा क्रमशः अष्ट्रेलिया, जापान र लेबनानसँग प्रतिस्पर्धा गर्नेछ।